**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** संविधान दिवसको अवसरमा आज दिल्लीस्थित संविधानसभाको सेन्ट्रल हलमा राष्ट्रपति द्रौपदी मुर्मुले संसदका दुवै सदनलाई सम्बोधन गर्नु हुनेछ ।

**२.** प्रधानमन्त्री नरेन्द्र मोदी आज सर्वोच्च अदालतमा संविधान दिवस समारोहमा सहभागी हुनु हुनेछ ।

**३.** आज राष्ट्रिय दुग्ध दिवस हो , यो दिवस देशमा श्वेत क्रान्तिका जनक डा. वर्गीस कुरियनको जन्मजयन्तीको सम्झनामा मनाइन्छ।

**४.** आर्थिक मामिला मन्त्रीमंडल समितिले अरुणाचल प्रदेशको शि योमी जिल्लामा हिओ जलविद्युत परियोजनाका लागि १ हजार ९ सय ३९ करोड रुपियाँको लगानी स्वीकृत गरेको छ।

**५.** प्रसार भारती, रेलटेल अनि प्ले बक्स टीवीले पारस्परिक सहकार्यमा रेलवायर ब्रड बैंडमा स्वतंत्रता योजना (फ्रिडम प्लान) शुरू गर्ने निर्णय गरेको छ I

**सविधान दिवस**

आज संविधान दिवसको ७५ औँ वर्षगाठ हो । यसै दिन संविधान जारी भएको थियो। यस अवसरमा सरकारले आजदेखि एक वर्षसम्म उत्सव मनाउन थालेको छ। यो उत्सव 26 नोभेम्बर 2025 सम्म देशभर आयोजित गरिनेछ। संविधानसभाले 26 नोभेम्बर 1949 मा संविधान पारित गरेको थियो भने 26 जनवरी 1950 मा लागू भएको थियो। संविधान दिवसको अवसरमा आज दिल्लीस्थित संविधानसभाको सेन्ट्रल हलमा राष्ट्रपति द्रौपदी मुर्मुले संसदका दुवै सदनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ । सो अवसरमा उपराष्ट्रपति जगदीप धनखर, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला र दिल्लीस्थित दूतावासका प्रमुखहरुको पनि उपस्थिति रहनेछ। संविधान दिवसको अवसरमा सम्झनामूलक सिक्का र हुलाक टिकट पनि जारी गरिनेछ। यसका साथै दुईवटा पुस्तक पनि विमोचन हुनेछन्। जसको नाम - "भारतको संविधान निर्माण: एक झलक" र "भारतको संविधान र यसको गौरवशाली यात्रा"रहेको छ। यसबाहेक संविधानको संस्कृत र मैथिली संस्करण पनि जारी गरिनेछ। भारतको संविधानको कलालाई समर्पित पुस्तिका पनि जारी गरिनेछ।

****** ० ******

**पीएम संविधान दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदी आज सर्वोच्च अदालतमा संविधान दिवस समारोहमा सहभागी हुनु हुनेछ । यस अवसरमा उहाले उपस्थित जनतालाई सम्बोधन पनि गर्नु हुनेछ । कार्यक्रम सर्वोच्च अदालतले आयोजना गर्न लागेको हो। श्री मोदीले न्यायपालिकाको वार्षिक प्रतिवेदन पनि सार्वजनिक गर्नुहुनेछ। यस अवसरमा केन्द्रीय कानूनमन्त्री अर्जुन राम मेघवाल, प्रधानन्यायाधीश सञ्जीव खन्ना र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू पनि उपस्थित हुनेछन्।

****** ० ******

**राष्ट्रीय दुग्ध दिवस**

आज राष्ट्रिय दुग्ध दिवस हो । यो दिवस देशमा श्वेत क्रान्तिका जनक डा. वर्गीस कुरियनको जन्मजयन्तीको सम्झनामा मनाइन्छ। डा कुरियनको १०३औँ जन्मजयन्तीको उपलक्ष्यमा आज नयाँ दिल्लीमा आयोजना हुने कार्यक्रमले देशको अर्थतन्त्र र पोषण सुरक्षामा दुग्ध क्षेत्रको योगदानलाई प्रस्तुत गर्नेछ। यस अवसरमा केन्द्रीय मत्स्यपालन, पशुपालन तथा दुग्ध मन्त्री राजीव रञ्जन सिंहले पशुधन र दुग्ध क्षेत्रका लागि गोपाल रत्न पुरस्कार प्रदान गर्नु हुनेछ । कार्यक्रममा देशभरका धेरै किसान, दुग्ध सहकारी संस्था र दूध संघको सहभागिता रहनेछ ।

****** ० ******

**गुजरात- दुध उत्पादन**

श्वेत क्रान्तिको जन्मस्थल मानिने गुजरातमा गत केही वर्षयता दूध उत्पादनमा उल्लेख्य वृद्धि भएको छ । पछिल्लो २२ वर्षमा राज्यमा औसत १०.२३ प्रतिशतको दरले १ सय १९ लाख ६३ हजार मेट्रिक टन दूध उत्पादन बढेको छ ।

****** ० ******

**संयुक्त राष्ट्र -सूचना प्रबंधन सम्मेलन**

१३औँ संयुक्त राष्ट्रसङ्घीय वैश्विक जियो स्पेशिएल सूचना प्रबंधन एशिया-प्रशांत सम्मेलन आजदेखि सुरु हुँदैछ । नयाँ दिल्लीको भारत मण्डपममा सुरु हुने चारदिने सम्मेलनमा भारतका १२० प्रतिनिधिसँगै ३० देशका ९० प्रतिनिधिको पनि सहभागिता रहनेछ । जियो स्पेशल डेटा स्थान-विशिष्ट समय-आधारित डेटा हो। देशका महा सर्वेक्षक हितेश कुमार एस. मकवानाले भन्नु भयो, भारतले जियो स्पेसियलको सन्दर्भमा एशिया-प्रशान्त क्षेत्रमा अग्रणी स्थान हासिल गरिरहेको छ।

****** ० ******

**बिजली- मन्त्रीमंडल**

आर्थिक मामिला मन्त्रीमंडल समितिले अरुणाचल प्रदेशको शि योमी जिल्लामा हिओ जलविद्युत परियोजनाका लागि १ हजार ९ सय ३९ करोड रुपियाँको लगानी स्वीकृत गरेको छ। यो आयोजना लगभग ५० महिनामा सम्पन्न हुनेछ । सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले २ सय ४० मेगावाट जडित क्षमताको यो परियोजनाले एक हजार मिलियन युनिट बिजुली उत्पादन गर्ने बताउनु भएको छ । यसले अरुणाचल प्रदेशमा बिजुली आपूर्ति सुधार गर्न र राष्ट्रिय ग्रिडलाई सन्तुलनमा राख्न मद्दत गर्नेछ। समितिले अरुणाचल प्रदेशको शिओमी जिल्लामा १ सय ८६ मेगावाटको टाटो–वन जलविद्युत परियोजनाका लगानी प्रस्तावलाई पनि स्वीकृत गरेको छ । यसका लागि १ हजार ७ सय ५० करोड रुपियाँ खर्च हुनेछ। यो परियोजना करिब ५० महिनामा सम्पन्न हुनेछ । जसबाट ८० करोड २० लाख युनिट बिजुली उत्पादन हुनेछ ।

****** ० ******

**नया चेतना उद्घाटन**

ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले नयाँ चेतनाको तेस्रो चरणमा हिज १३ राज्यमा २ सय २७ वटा लैङ्गिक स्रोत केन्द्रको उद्घाटन गर्नु भयो । उहाले सरकारले महिलाको सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक सशक्तीकरणका लागि काम गरिरहेको बताउनु भयो । श्री चौहानले देशमा हुने महिला हिंसा अन्त्यका लागि आवाज उठाउन जनतालाई अपिल गर्नु भयो । सो अवसरमा महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले हिंसाको डर सबैबाट हटाउन यो अभियानको उद्देश्य रहेको बताउनु भयो ।

****** ० ******

**मंत्रिमंडल - पैन-2.0**

आर्थिक मामिला सम्बन्धी मन्त्रिपरिषद् समितिले आयकर विभागको दोस्रो चरणको प्यान परियोजना स्वीकृत गरेको छ । यस परियोजनाको लागत 1हजार 435 करोड रुपियाँ हुनेछ। सूचना एव प्रसारण मन्त्री अश्विनी वैष्णवले पत्रकारहरूसंग कुराकानी गर्नु हुदै भन्नु भयो, यस चरणमा सम्पूर्ण विद्यमान प्रणालीलाई बढाइनेछ र पोर्टललाई एकीकृत गरिनेछ। उहाले प्यान दोस्रो चरणमा कडा साइबर सुरक्षा उपाय अपनाइने बताउनु भयो ।

****** ० ******

**प्रसार भारती-फ्रीडम प्लान**

प्रसार भारती, रेलटेल अनि प्ले बक्स टीवीले पारस्परिक सहकार्यमा रेलवायर ब्रड बैंडमा स्वतंत्रता योजना (फ्रिडम प्लान) शुरू गर्ने निर्णय गरेको छ । प्रसार भारतीका प्रमुख कार्यकारी अधिकृत गौरव द्विवेदी र रेलटेलका अध्यक्ष तथा प्रबन्ध निर्देशक सञ्जय कुमारले हिज नयाँ दिल्लीमा यो योजनाको शुभारम्भ गर्नु भयो I श्री द्विवेदीले भन्नुभयो वेभ्स ओटीटी प्लेटफर्म प्रसार भारतीको लागि ठूलो फड्को हो। उहाँले यो सहकार्यको उद्देश्य परम्परागत र आधुनिक प्रसारण बीचको खाडललाई पुरा गर्नु रहेको बताउनु भयो । श्री द्विवेदीले ओटीटी प्लेटफर्म लन्च गरेर प्रसार भारतीले प्रविधिसँग गति लिएको बताउनु भयो।

BYTE

रेलटेलका अध्यक्ष तथा प्रबन्ध निर्देशक सञ्जय कुमारले रेलटेलको होम इन्टरनेट सेवा देशका इन्टरनेटबाट वञ्चित क्षेत्रहरूमा सस्तोमा इन्टरनेट उपलब्ध गराउनमा केन्द्रित रहेको बताउनु भयो। उहाँले यो सहकार्यले डिजिटल साक्षरता प्रवर्द्धन गर्ने पनि बताउनु भयो।

****** ० ******

**अश्विनी वैष्णव - रेल**

आर्थिक मामिला सम्बन्धी मन्त्रिपरिषद् समितिले रेल मन्त्रालयको तीनवटा परियोजना स्वीकृत गरेको छ । यसका लागि लगभग ७ हजार ९ सय २७ करोड रुपैयाँ खर्च हुनेछ । यी परियोजनाहरूमा मनमाड-जलगाउँ रेलवे लाइन, भुसावल-खण्डवा रेलवे लाइन र प्रयागराज-माणिकपुर रेलवे लाइन समावेश रहेको छ । रेल मन्त्री अश्विनी वैष्णवले भन्नु भयो, मनमाड-जलगाउँ परियोजनाले महाराष्ट्रको बन्दरगाहबाट सामग्री निर्यात- आयातको क्षमता बढाउनेछ। भुसावल–खण्डवा परियोजनाले थप यात्रु आवतजावत गर्न सक्नेछ । प्रयागराज-माणिकपुर परियोजना मार्फत, उत्तर प्रदेशको पूर्वाञ्चल क्षेत्र मध्य प्रदेशको बघेलखण्डसँग जोडिनेछ। कृषि उत्पादन, मल, कोइला, स्टिल, सिमेन्ट, कन्टेनर आदि सामानहरु ओसार पोसारका लागि यो मार्ग निकै महत्वपूर्ण छ ।

****** ० ******

**लोकसभा-बाघ**

केन्द्रीय पर्यावरण, वन एव जलवायु परिवर्तन राज्यमन्त्री, श्री कीर्तिवर्धन सिंहले नमूना क्षेत्रहरूको निरन्तर तुलनाको आधारमा भारतमा बाघको संख्या प्रति वर्ष 6% को दरले बढिरहेको बताउनु भएको छ । हिज संसदमा सोधिएको प्रश्नको लिखित जवाफमा उहाले यस्तो बताउनु भएको हो । श्री सिंहले भन्नु भयो, २०२२ मा गरिएको अखिल भारतीय बाघ मूल्याङ्कन अनुसार बाघको संख्यामा वृद्धि भएको छ। २०२२ मा बाघको अनुमानित संख्या ३ हजार ६ सय ८२ थियो भने २०१८ मा २ हजार ९ सय ६७ र २०१४ मा २ हजार २ सय २६ थियो । उहाले सन् २०२१ देखि यही नोभेम्बर २० सम्मको अवधिमा सिकारी लगायतका अप्राकृतिक कारणले ७१ बाघको मृत्यु भएको जानकारी पनि दिनु भयो ।श्री सिंहले राष्ट्रिय बाघ संरक्षण प्राधिकरण मार्फत नकारात्मक मानव-वन्यजन्तु अन्तरक्रियालाई व्यवस्थित गर्न सरकारले तीन-पक्षीय रणनीतिमा जोड दिएको बताउनु भयो । जसमा सामग्री अनि लजिस्टिक्स सहायता तथा आवास हस्तक्षेहरु प्रतिबन्धित छन्।

****** ० ******

**कैबिनेट-एआईएम 2.0**

केन्द्रीय मण्डलले मार्च 31, 2028 सम्म आफ्नो प्रमुख पहल अटल इनोवेशन मिशन-AIM को निरन्तरतालाई अनुमोदन गरेको छ। यसका लागि २ हजार ७ सय ५० करोड रुपियाँ बजेट अवान्टित गरिएको छ । मिसनको दोस्रो चरण भनेको देशमा नवप्रवर्तन र उद्यमशीलता वातावरणलाई विस्तार, सुदृढ र गहिरो बनाउनु हो। यस मिशनले सबै क्षेत्रहरूमा राम्रो रोजगारी, नवीन उत्पादनहरू र उच्च प्रभाव सेवाहरू प्रदान गर्नेछ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले जम्मू कश्मीर, उत्तर-पूर्व, आकांक्षी जिल्ला र ब्लकहरूमा २ हजार ५०० नयाँ प्रयोगशालाहरू खोलिने बताउनु भएको छ ।

****** ० ******

******○******